आज मिति २०८२ असार ०३ गते मंगलबार दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री बल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन गर्शी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा अधिकृत :- श्री सुनि राना मगर

प्रशासन शाखा प्रमुख :- श्री अनिल कुमार गुरुङ

**मिति २०८२/०३/०३ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु :**

**निर्णय नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा :**

मिति २०८२/०२/०१ को मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो । साथै कार्य प्रगति बारे वडा अध्यक्ष ज्यूहरुको रिपोटिङ्ग भयो । समिक्षा र रिपोटिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो ।

**निर्णय नं. २ : आ.व.२०८२/०८३ को निती तथा कार्यक्रम सम्बन्धमा :**

आ.व. २०८२/०८३ को निती तथा कार्यक्रम उपर विस्तृत छलफल गरी १९ औं गाउँ सभाको पहिलो बैठकमा पेश गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ३ : सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधी, २०८२ सम्बन्धमा :**

यस मर्स्याङ्दी गाउँपालिकाको सुरक्षा र संरक्षण गर्न, विपद् व्यवस्था सम्बन्धी खोजी, उद्धार र राहत तथा पुनःस्थापना लगायत अनधिकृत निर्माण एवं सार्वजनिक सम्पत्ती अतिक्रमण रोकथाम र नियन्त्रण गर्न गाउँ प्रहरी व्यवस्थापनको लागि सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधी, २०८२ यस गाउँपालिकाको गाँउकार्यपालिकाको बैठकमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : मर्स्याङ्दी गाउँपालिकाको कृषि ढुवानी सेवा सञ्चालन कार्यविधी, २०८२ सम्बन्धमा :**

यस मर्स्याङ्दी गाउँपालिकाको कृषि र पशुपालनमा कृषकहरुले उत्पादन गरेको विभिन्न उपजहरु बजार सम्म पुर्याउन सहज हुने गरी गुणस्तरीय र सुरक्षित ढुवानीको लागि मर्स्याङ्दी गाउँपालिकाको कृषि ढुवानी सेवा सञ्चालनको लागि मर्स्याङ्दी गाउँपालिकाको कृषि ढुवानी सेवा सञ्चालन कार्यविधी, २०८२ यस गाउँपालिकाको गाँउकार्यपालिकाको बैठकमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : सूचना प्रविधि अधिकृतको तह वृद्धि गर्ने सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिका सूचना प्रविधि अधिकृत पदमा कार्यरत अविनास भण्डारीद्वारा पेश कागजात र प्रशासन शाखाको टिप्पणीको अनुसार नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको मिति २०८१-११-१३ गतेको पत्र बमोजिम सूचना प्रविधि अधिकृतको पारिश्रमिक तथा सेवा सुविधा लोक सेवा आयोगको कम्प्युटर ईन्जिनियर वा कम्प्युटर अधिकृत रा.प. तृतिय श्रेणी वा प्रदेश तथा स्थानीय तहको नियमानुसार अधिकृत सरह पद रहने भनिएको र गण्डकी प्रदेशद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावलीको नियम ७ अनुसार अनुसूची २ मा व्यवस्था भए अनुसार कम्प्युटर अधिकृत पद अधिकृतस्तर सातौं तह रहने व्यवस्था गरिएको र PLGSP द्वारा अघिल्लो आ.व. २०८१/८२ को तलब रु. ३,८१,०००।- देखी वृद्धि गरि ४,३६,५००।- विनियोजन समेत गरेको हुनाले मर्स्याङ्दी गाउँपालिका सूचना प्रविधि अधिकृत अविनास भण्डारीलाई मिति २०८१-०४-०१ गते देखी असार मसान्त सम्मको लागि लागु हुने गरि करार सम्झौता संशोधन गरि सूचना प्रविधि अधिकृत (सातौं) पदमा तह मिलान गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं. ६ : [illegible]८२/०८३ को वडागत वजेट सम्वन्धमा ।**

आ.व. २०८२/०८३ को लागि वजेट खाका उपर छलफल भई सोहि वमोजिम वडागत वजेट तयार गरि आगामी कार्यपालिकाको वैठकमा पुन छलफल गरि आवश्यक परिमार्जन सहित पारित गरि गाउँ सभामा पेश गर्ने गाउँपालिकाको गाउँकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

| क्र.स. | कार्यक्रम / आयोजनाको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| 1 | वडा नं. १ | ४०,००,०००.०० | |
| 2 | वडा नं. २ | ४५,००,०००.०० | |
| 3 | वडा नं. ३ | ७५,००,०००.०० | |
| 4 | वडा नं. ४ | ४५,००,०००.०० | १० लाख स्वास्थ्य चौकीमा कटौती गरिएको |
| 5 | वडा नं. ५ | ५५,००,०००.०० | |
| 6 | वडा नं. ६ | ४५,००,०००.०० | १० लाख स्वास्थ्य चौकीमा कटौती गरिएको |
| 7 | वडा नं. ७ | ४५,००,०००.०० | ५ लाख मुलभुले - झदी सडकमा कटौती गरिएको |
| 8 | वडा नं. ८ | ४०,००,०००.०० | ५ लाख मुलभुले - झदी सडकमा कटौती गरिएको |
| 9 | वडा नं. ९ | ७०,००,०००.०० | |
| | जम्मा | ४,६०,००,०००.०० | |

**निर्णय नं. ७ : आ.व.२०८२/०८३ को वडागत वजेट सम्वन्धमा ।**

मिति २०८१/१०/१९ गतेको वैठकको निर्णय अनुसार पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत बाँडफाड भएको वजेट शिर्षक होम स्टे सञ्चालकहरुको अध्ययन अवलोकन भ्रमणमा रहेको रु.३,००,००० (अक्षरमा तिन लाख रुपैया) लाई पोखरा-घनपोखरा-मैदु-क्युवार-थुर्जु-दुधपोखरी-शिउरुङ-हर्सिङ डाँडा-पोखरा पदमार्ग ट्रेकिङ ट्रेलको प्रवदनार्थ गुरुङ पर्यटन व्यवसायी संघ, गण्डकी प्रदेशलाई भुक्तानी दिने निर्णय गरियो । साथै पर्यटन प्रवर्द्धन सामाग्री निर्माणमा रहेको वाँकी वजेटवाट दुधपोखरी पर्यटन प्रवर्द्धनार्थ भिडियो डकुमेन्ट्री निर्माण गरे वापत स्टारलाईन एजुकेशन तथा रिसर्ज प्रा.लि., पोखरालाई रु.२,००,०००।- भुक्तानी दिने गाउँपालिकाको गाउँकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

अर्जुन गुरुङ
अध्यक्ष

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

**निर्णय नं. ८ : आर्थिक सहयोग सम्वन्धमा :**

१) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रमं खर्च (२२५२९) अन्तर्गतको सि.न.१ मा उल्लेखित विभिन्न धार्मिक,सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस गोष्ठि सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकवाट तपसिल वमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- वांघेता युनाईटेड क्लव, मर्स्याङ्दी ४,५,६ रु. ३०,०००।- (तिस हजार रुपैया मात्र) विविध कार्यक्रमहरु सञ्चालनार्थ ।
- नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, लमजुङ रु.२०,०००।- (विस हजार रुपैया मात्र) भित्तेपात्रोमा शुभकामना, सन्देश प्रकाशन ।
- नेपाल तरुण दल, जिल्ला कार्य समिति, लमजुङ रु.२५,०००।- (पच्चिस हजार रुपैया मात्र) जिल्ला अधिवेसन सहयोग ।
- अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु), जिल्ला कार्य समिति, लमजुङ रु.२०,०००।- (विस हजार रुपैया मात्र)
- योङ्ग कम्युनिष्ट लिग नेपाल, जिल्ला समिति, लमजुङ रु.३०,०००।- (तिस हजार रुपैया मात्र) तेस्रो राष्ट्रिय सम्मेलन सहयोगार्थ ।
- मदन भण्डारी स्पोर्टसं एकेडेमी रु.२५,०००।- (पच्चिस हजार रुपैया मात्र)
- घलेगाउँ पर्यटन व्यवस्थापन समिति स्मार्ट भिलेज, घलेगाउँ पर्यटन रजतजयन्ती समारोह र आठौं स्मार्ट भिलेज आमन्त्रित गोल्डकप -२०८२, रु. २०,०००।- (विस हजार रुपैया मात्र)

२) मर्स्याङ्दी गाउँपालिकाको स्वीकृत वार्षिक वजेट कार्यक्रमको विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको सि.न. ५ मा उल्लेखित विपद् व्यवस्थापन कोष सम्वन्धी विनियोजित वजेट खर्च शिर्षकवाट तपसिल वमोजिम आर्थिक सहयोग गर्ने यस गाउँपालिकाको गाँउकार्यपालिकाको वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

- जटेश्वर आधारभुत विद्यालय, मर्स्याङ्दी -६, रु. ५०,०००।- (पचास हजार रुपैया मात्र) - छाना हुरीले उडाएको र विद्यालय मर्मत गर्न ।
- एम्वुलेन्स सेवा खर्च (खुदी स्वास्थ्य चौकीलाई अनुदान) रु.१,५०,०००।- (एक लाख पचास हजार मात्र)
- उद्योग वाणिज्य संघ, खुदी भवन संरक्षण रु.२,००,०००।- (दुईलाख रुपैया मात्र) पहिरो गई सोही भवन र खुदी वजारको भवन नजिकको घरहरु र मुख्य वाटो समेत क्षति पुग्न सक्ने अवस्था भएको
- सोम वहादुर गुरुङ, मर्स्याङ्दी -६, दिङदिङ रु.१८,६००।- (अठारा हजार छ सय रुपैया मात्र) अति विपन्न भएकोले घरको छाना मर्मत गर्न ।
- वेल वहादुर कामी, मर्स्याङ्दी -६, ठुलोवेंसी रु.१८,६००।- (अठारा हजार छ सय रुपैया मात्र) अति विपन्न भएकोले घरको छाना मर्मत गर्न ।
- सुल वहादुर कामी, मर्स्याङ्दी -६, दोभानचौर रु.१८,६००।- (अठारा हजार छ सय रुपैया मात्र) अति विपन्न भएकोले घरको छाना मर्मत गर्न ।
- वुद्ध वजार खानेपानी मर्मत, मर्स्याङ्दी -३, रु. १३,०००।- (तेह्र हजार रुपैया मात्र) वाढीले खानेपानी क्षति पुऱ्याएको ।

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत